# हरिपुर नगरपालिका कार्यालय
## हरिपुर, सर्लाही
## आन्तरिक आय ठेक्का सम्वन्धी सूचना

**दोस्रो पटक सुचना प्रकाशित मिति : २०८३।०४।१३**

यस कार्यालयबाट २०८३।०८४ को लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ को उपदफा २ को खण्ड ग अनुसार देहायको शर्त बमोजिम तपसिलमा उल्लेखित आय ठेक्का बन्दोवस्ती गरी सेवा शुल्क (आय) संकलन गर्नु पर्ने भएकोले इच्छुक कम्पनीले कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,स्थायी लेखा दर्ता प्रमाणपत्रको प्रतिलिपि,आर्थिक वर्ष २०८१।०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि वा म्याद थपको प्रमाणित प्रतिलिपि,कारबाही वा कालो सुचिमा नपरेको स्वोःघोषणा र अख्तियारनामा सहित यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन (२०८३।०४।१९ गते ) भित्र शिलबन्दी दरभाउपत्र फाराम हरिपुर नगरपालिकाको कार्यालयबाट खरिद गरी ८ औ दिन (२०८३।०४।२० गते ) को १२:०० वजे भित्र हरिपुर नगरपालिका कार्यालय, हरिपुर सर्लाहीमा दर्ता गर्नु हुन यस सम्वन्धीत सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपलिशः**

| ठेक्का नं/आर्थिक वर्ष | ठेक्काको किसिम | क्षेत्राधिकार | न्यूनतम अंक(मु.अ कर सहित) | फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १-२०८३/०८४ | हरिपुर गुदरी बजार | हरिपुर बजार | रू. ५,२६,०००।०० | रू.१००० | |
| २-२०८३/०८४ | लक्ष्मीपुर गुदरी बजार | लक्ष्मीपुर बजार | रू. २,९२,५००।०० | रू.१००० | |
| ३-२०८३/०८४ | पिडारी गुदरी बज़ार | पिडारी बजाार | रू. २,५५,०००।०० | रू.१००० | |
| ४-२०८३/०८४ | मजुर्वा गुदरी बजार | मजुर्वा बजार | रू. १,७५,५००।०० | रू.१००० | |
| ५-२०८३/०८४ | चिताइन गुदरी बजार | चिताइन बजाार | रू. ७६,०००।०० | रू.१००० | |

**शर्तहरू**

१.ठेक्का अवधि मिति २०८४ को असार मसान्त सम्मको लागि हुनेछ ।

२.आफूले कवोल गरेको अंकको ५ प्रतिशत धरौटी रकम एन.आई.सी. एशिया वैंक हरिपुर शाखा स्थित यस हरिपुर नगरपालिकाको खाता नम्बर **०४५२०५००२५९४९००८** मा जम्मा गरी सो को अर्धकट्टी सकलै भौचर र कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,स्थायी लेखा दर्ता प्रमाणपत्रको प्रतिलिपि,आर्थिक वर्ष २०८१।०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

३.शिलबन्दी दरभाउपत्र दाताले आफूले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्ने छ ।अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

४.सबै किसिमको ठेक्कामा हालको कानुनी व्यवस्थामा नेपाल सरकार र प्रदेश सरकारबाट अन्य निर्णय भइ आएमा सोहि बमोजिम हुनेछ । आफूले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर,शुल्क शिलबन्दी दरभाउपत्र दाता स्वयंले व्यहोर्नुपर्ने छ ।

५. ठेक्का स्विकृत भई किस्तावन्दीमा रकम बुझाउदा कबोल अंकको कम्तीमा ५० प्रतिशत नगद र ५० प्रतिशत संस्थाको नाममा २०८४ ज्येष्ठ मसान्त सम्मको बैक ग्यारेन्टी सम्झौताको समयमा बुझाउनुपर्नेछ र सो समय सिमा भित्र किस्तावन्दीमा रकम बुझाइ सक्नु पर्नेछ ,नबुझाएमा बैक ग्यारेन्टी जफत गरी असुल गरिनेछ ।कवोल गरिएको रकम एकमुष्ट भुक्तानीमा १० प्रतिशत छुट दिइनेछ ।

जयराम नेपाल
प्रमुख प्रशासकीय अधिकृत

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

६.शिलबन्दी दरभाउपत्र स्वीकृती भएको मितिले ७ (सात ) दिन भित्र शिलबन्दी दरभाउपत्र दाताले सम्फौता गर्न नआएमा वा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा धरौटी रकम जफत गरी नियमानुसार कवोल गर्ने अर्को फर्मसंग ठेक्का सम्फौता गरिनेछ ।

७.जुन फर्मको नामबाट शिलबन्दी दरभाउपत्र खरिद भएको हो सोही फर्मको नामबाट मात्र शिलबन्दी दरभाउपत्र दर्ता गर्न सकिनेछ ।अन्य फर्मको नामबाट दर्ता गराएको शिलबन्दी दरभाउपत्र मान्यता दिईने छैन ।साथै हुलाक सेवा, कुरियर आदीबाट पठाएको शिलबन्दी दरभाउपत्र स्वीकार्य हुने छैन। शिलबन्दी खाममा कुन कुन ठेक्काको लागि शिलबन्दी दरभाउपत्र दाखिला गरेको हो स्पष्ट रुपले खुलाउनु पर्नेछ। साथै शिलबन्दी दरभाउपत्र दाताको नाम र ठेगाना स्पष्ट रूपले खामको बाहिर उल्लेख गरेको हुनु पर्नेछ।

८.हरिपुर नगरपालिकालाई तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी सामानहरु तिर्नुपर्ने वक्यौता देखिएमा त्यस्ता फर्म/कम्पनीहरुको नाममा ठेक्का स्वीकृती हुने छैन र निजको बक्यौता रकम धरौटीबाट असुलउपर गरी बाँकी रकम भुक्तानी गरिनेछ ।

९.पर्न आएको शिलबन्दी दरभाउपत्र स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।ठेकदार र नगरपालिका कार्यालयबिच कुनै किसिमको मतभिन्नता उत्पन्न भएमा कार्यालयको निर्णय अन्तिम हुनेछ।

१०.शिलबन्दी दरभाउपत्र खरिद गर्ने ,दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

११. ठेक्का सम्झौता भएपछी ठेकेदारले यस नगरपालिकाको आर्थिक ऐन, २०८३ मा उल्लेखित कार्यालयले उपलब्ध गराउने दररेट अनुसार कर/शुल्क उठाउनु पर्नेछ ।

१२.शिलबन्दी दरभाउपत्र ठेक्का सम्बन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ। साथै यस सूचनामा उल्लेख भएका बाहेक अन्य कुराहरू प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

जयराम नेपाल
प्रमुख प्रशासकीय अधिकृत